**कोहलपुर नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

**कोहलपुर, बाँके, लुम्बिनी प्रदेश, नेपाल**

**स्थापना : २०७३**

पत्र संख्या : ०७८/०७९ मिति : २०७८/११/०४

चलानी नं. ३८६

विषय : विपन्न लक्षित छात्रवृत्तिको लागि फाराम भर्ने भराउने सम्बन्धमा ।

श्री नगरपालिका अन्तरगतका सबै कक्षा ८ र १० संचालित सामुदायिक विद्यालयहरु !

कोहलपुर, बाँके ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको मिति २०७८/१०/२६ गतेको सूचना अनुसार नेपाल सरकारबाट नियमित अनुदान प्राप्त सामुदायिक विद्यालयहरुका माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरुको आर्थिक अवस्था पहिचान गरी तीं विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको हुँदा उक्त छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि कक्षा ८ र १० मा अध्ययनरत इच्छुक विद्यार्थीहरुलाई PMT (Proxy Mean Testing) फाराम सम्बन्धित विद्यालयहरुले यही फाल्गुन मसान्त सम्म भर्न भराउन हुन अनुरोध छ । सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको लागि अत्यन्तै आवश्यक तथा प्रभावकारी छात्रवृत्ति कार्यक्रम रहेको हुँदा सम्बन्धित सबै विद्यालयहरुले प्राथमिकताका साथ यसै पत्रसाथ संलग्न सूचना बमोजिम समयसीमा भित्र फाराम भर्न भराउन हुन सूचित गरिन्छ । साथै यस सम्बन्धमा थप जानकारी आवश्यक परेमा शाखामा सम्पर्क राख्नुहोला ।

नोट : विद्यालयले फाराम डाउनलोड गरी विद्यार्थीहरुलाई वितरण गरी फाल्गुन मसान्तभित्र शाखामा बुझाइसक्नु पर्नेछ । प्रक्रियाबारे केन्द्रले जारी गरेको विस्तृत सूचना तथा विद्यार्थीहरुले भर्ने फाराम यसै सूचनाको साथमा राखिएको छ ।

.......................

रविलाल मिजार

शिक्षा शाखा प्रमुख

बोधार्थ :

श्री सूचना तथा संचार प्रविधि शाखा, कोहलपुर नगरपालिका, कोहलपुर । (सूचना वेवसाइट मार्फत सम्प्रेषण गरिदिनि हुन)

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७८/०७९
च.नं. २५

फोन :
फ्याक्स : ०१-६६३१९७२
मिति :२०७८/१०/२६

**विषय: विपन्न लक्षित छात्रवृत्ति भर्ने भराउने सम्बन्धमा**

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु

प्रस्तुत विषयमा यस आ.व. २०७८/७९ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले नेपालभरका सामुदायिक विद्यालय (नेपाल सरकारबाट अनुदान प्राप्त धार्मिक तथा परम्परागत विद्यालयसहित) का माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीहरुको आर्थिक अवस्था पहिचान गरी ती विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम रहेको छ । उक्त छात्रवृत्ति प्राप्त गर्ने प्रयोजनका लागि कक्षा ८ र १० मा अध्ययनरत इच्छुक विद्यार्थीहरुलाई PMT (Proxy Means Testing) फाराम सम्बन्धित विद्यालयहरुले भर्न भराउनुहुन अनुरोध छ । यसका लागि तपसिलका प्रक्रिया पूरा गर्नुपर्नेछ ।

मनुजा बराल
शाखा अधिकृत

तपसिल

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website www.cehrd.gov.np मा गई विद्यालयले PMT फाराम डाउनलोड गर्नुपर्नेछ । उक्त फारामको नमूना यसैसाथ संलग्न छ ।
२. उक्त फाराम विद्यालयले प्रिन्ट गरी फाराम भर्न इच्छुक विद्यार्थी/अभिभावकलाई उपलब्ध गराउनुपर्नेछ ।
३. सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण विवरणहरु सत्य/साँचो भरी अभिभावकबाट प्रमाणित गराई आफ्नो विद्यालयको प्रधानाध्यापकसमक्ष पेस गर्नुपर्नेछ ।
४. सम्बन्धित विद्यार्थी/अभिभावकबाट पेस भएको फाराम प्र.अ.ले सिफारिस गरी प्रमाणीकरण (Verification) का लागि सम्बन्धित वडा वा स्थानीय तहमा पेस गर्नुपर्नेछ ।
५. विद्यालयले माथि उल्लेखित बुदाँ नं. १. २. र ३. को प्रकिया पुऱ्याई विद्यालयमा प्राप्त भएका PMT फारामहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रको https://iemis.cehrd.gov.np मा log in गरी PMT अन्तर्गत भएको Export बटन क्लिक गरी PMT Template download गरी सबै विवरणहरु सो Template मा भर्नु भराउनु पर्नेछ ।
६. सम्बन्धित वडा वा स्थानीय तहबाट प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्नु पर्नेछ ।

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७८/०७९
च.नं.

फोन :
फ्याक्स : ०१-६६३१९७२

७. सम्वन्धित विद्यालय र विद्यार्थीहरुले फागुन मसान्तभित्र PMT फाराम भर्नु भराउनु पर्नेछ । प्राप्त सबै विद्यार्थी विवरण सम्बन्धित विद्यालयले उक्त PMT Template लाई iemis.cehrd.gov.np मा गई चैत्र १ देखि चैत्र ३० गतेभित्र अपलोड गर्नुपर्नेछ । यसका लागि स्थानीय तहले सहजीकरण गर्नु स्थानीय तहको दायित्व हुनेछ । निर्धारित म्यादभन्दा अघि वा पछि अपलोड भएका फारामहरु मान्य हुने छैनन् ।

८. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण रुजु गर्न र विद्यार्थीको खातामा रकम जम्मा गर्दा गराउँदासम्म विद्यालयको प्रधानाध्यापकसँग निरन्तर सम्पर्क गर्नुपर्ने हुंदा विवरण गलत भएको अवस्था भएमा https://iemis.cehrd.gov.np मा गई विद्यालयले आफनो प्रोफाइलमा गई प्रधानाध्यापकको नाम र सम्पर्क नम्वर सच्याउनुपर्नेछ ।

९. PMT फाराम भरेका हरेक विद्यालयले आफनो प्रोफाइलमा गई कक्षा १० सञ्चालन भएको भए SEE कोड र कक्षा १२ सञ्चालन भएको भए SLCE कोड राख्नुपर्नेछ । यी विवरण उपलब्ध नभएमा ती विद्यालयको PMT फारामलाई calculation को प्रक्रियामा लैजान सकिने छैन ।

१०. विद्यालयले सबै विवरण PMT template मा भर्ने, भरिएका विवरणहरु सुनिश्चित भएको रुजु गरी अपलोड गर्नुपर्नेछ । एकपटक अपलोड गरेपछि पुन: अपलोड गर्न सकिने छैन ।

११. छात्रवृत्ति भरेको सामुदायिक वा धार्मिक तथा परम्परागत विद्यालयले आफनो प्रोफाइलमा सामुदायिक र धार्मिक तथा परम्परागत विद्यालयको महलमा रेजा लगाएको हुनुपर्नेछ । कुनै विद्यालयले संस्थागतमा रेजा लगाइएको भए सो विद्यालयको नतिजा खारेज हुनेछ ।

१२. छात्रवृत्ति भरेको सामुदायिक वा धार्मिक तथा परम्परागत विद्यालयको नाममा Academy जस्ता शव्दहरु जोडिएको भएमा त्यस्ता विद्यालयले आफनो प्रोफाइलमा विद्यालयको नामसँग (public) भनेर लेख्नुपर्नेछ । अन्यथा सो विद्यालयको नतिजा खारेज हुनेछ ।

१३. IEMIS मा विद्यालयले भरेको विद्यार्थीका विवरण मात्रै PMT Template मा नाम देखिनेछ । सो Template मा नयाँ विद्यार्थीको नाम राख्न सकिदैन र अन्यथा थप विवरण राखेको पाइएमा सो विद्यालयको फाराम रद्ध हुनेछ ।

१४. PMT फाराम भरेका विद्यार्थीमध्ये छात्रवृत्ति पाउन योग्य भई छनौटमा परेका कक्षा ८ का विद्यार्थीहरुले २०७९ सालको शैक्षिक सत्रमा कक्षा ९ मा भर्ना भएपछि, कक्षा १० का विद्यार्थीहरुले २०७८ को एसइई परीक्षामा नतिजा प्राप्त गरे पश्चात २०७९ मा कक्षा ११ मा भर्ना भएपछि सोही शैक्षिक सत्रमा छात्रवृत्ति प्राप्त गर्नेछन् । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले मात्र विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्नेछन् ।

१५. छात्रवृत्ति सम्वन्धी थप जानकारी लिन चाहने स्थानीय तह, विद्यालय,शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाले विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np बाट डाउनलोड गरी हेर्न सक्नेछन् ।

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी भक्तपुर

प.सं.:- २०७८/०७९
च.नं.

फोन :
फ्याक्स : ०१-६६३१९७२

**पुनश्च: अनलाइन फाराम भर्ने भराउने सामुदायिक विद्यालयहरुले तपसिलको विषय र प्रक्रियाहरुमा ध्यान दिनुहुन अनुरोध छ :**

**१) फाराम भर्ने विद्यार्थी तथा भराउने विद्यालयले ध्यान दिनुपर्ने कुराहरु**

क) विद्यालयले भरेको शैक्षिक तथ्याङ्क Flash Report मा उल्लेख भएको Student ID मा भएको विद्यार्थीको नामका आधारमा PMT Template मा विद्यार्थी विवरण प्रविष्टि हुनेगरी पद्धति विकास गरिएकोले Student ID नभरेका विद्यालयहरुले छात्रवृत्ति फाराम भर्न भराउन सक्ने छैनन् ।

ख) PMT फारामका लागि आवश्यक पर्ने कक्षा ८ र १० का विद्यार्थीहरुको मात्रै Student ID अध्यावधिक गर्ने र सोही आधारमा छात्रवृत्तिको लागि तथ्याङ्क भर्ने भराउने गरेको भेटिएमा त्यस्ता विद्यालयको तथ्याङ्क रद्द हुने हुँदा त्यस्ता विद्यालयका विद्यार्थीहरुले छात्रवृत्ति पाउन सक्ने छैनन् ।

**२) विद्यालयले अनलाइन फाराम भर्न Excel प्राप्त गर्ने तरिका**

(क) विद्यालयसँग Web based IEMIS मार्फत दिइएको पासवर्ड हुनुपर्नेछ । सो पासवर्ड थाहा नभएमा वा बिर्सिएमा सम्वन्धित स्थानीय तहमार्फत प्राप्त गर्न सकिनेछ । यससम्वन्धी कुनै द्विविधा वा कठिनाइ भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

(ख) Web based IEMIS को होमपेजमा जानका लागि https://iemis.cehrd.gov.np मा गई आफनो विद्यालयको कोड र पासवर्ड राखी लग इन गर्ने र PMT मा गई Export मा क्लिक गर्ने र आफनो विद्यालयको PMT Template निकाल्नुपर्नेछ ।

(ग) School Level IEMIS मा जस्तै गरि macro enable गर्नुपर्नेछ र सो Template को शुरुमा भएको Buttons मा विवरण इन्ट्री गर्ने तरिकामा भनिएअनुसार विवरण भर्नु भराउनु पर्नेछ ।

(घ) कक्षा ८ को एउटा Template मा र कक्षा १० को अर्को Template मा विवरण प्रविष्टि गराउनु हुदैन ।

(ङ) विवरण प्रविष्टि र रुजुपश्चात अनलाइनमा अपलोड गर्न विद्यालयले https://iemis.cehrd.gov.np मा गई लग इन गर्ने, profile मा जाने, प्रोफाइलमा भएको सबै विवरण सुनिश्चित गर्ने (SEE कोड र SLCE कोड सहित) अपडेट मा क्लिक गर्ने र Type मा PMT सेलेक्ट गरेर आफनो PMT Template अपलोड गर्नुपर्नेछ ।

बोधार्थ

श्री स्थानीय तह सबै: समन्वय एवं सहजीकरणका लागि अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाई: उपर्युक्त कार्यका लागि स्थानीय तहहरू तथा विद्यालयहरूसँग समन्वय तथा सहजीकरण गर्नु गराउनु हुन अनुरोध छ ।

अनुसूची १

नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर

### विद्यालय र विद्यार्थीसँग सम्बन्धित (सामुदायिक विद्यालयका कक्षा ८ र १० का विद्यार्थीका लागि मात्र)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयको नाम: | | विद्यालयको ९ अंकको इमिस कोड | | | |
| २. | विद्यार्थीको नाम (अंग्रेजीमा) | | ३. जन्ममिति: | | | |
| ४. | कक्षा: | ५. लिङ्ग: | छात्रा | छात्र | तेस्रो: | |
| ६. | जातजाति: | दलित | जनजाति | ब्राह्मण वा क्षेत्री | अन्य | |
| ७. | शारीरिक सक्षमता: | सक्षम | शारीरिक | मनोसामाजिक | बहिरा | दृष्टिसम्बन्धी |
| | | स्वर बोलाइ | श्रवण दृष्टिविहीनता | बहुअपाङ्गता | | |
| ८. | विद्यार्थीको सम्पर्क नं. | | ८.१ राष्ट्रिय परिचय पत्र नं.: | | | |

### घरपरिवारसँग सम्बन्धित

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | बुवाको नाम, थर: | १०. आमाको नाम, थर: | ११. अभिभावकका नाम, थर: | | |
| १२. | बुवाको सम्पर्क नं. | १३. आमाको सम्पर्क नं. | १४. अभिभावकको सम्पर्क नं. | | |
| १५. | अभिभावकसँगको नाता: | १६. जम्मा परिवार संख्या: | १७. दाजुभाइ: | १८. दिदीबहिनी: | |
| १९. | दाजुभाइमध्ये: | सामुदायिक विद्यालय जाने: | संस्थागत विद्यालय जाने: | २०. विद्यालय नजाने: | |
| २१. | दिदीबहिनीमध्ये: | सामुदायिक विद्यालय जाने: | संस्थागत विद्यालय जाने: | २२. विद्यालय नजाने: | |

### शैक्षिक योग्यतासँग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| २३. | बुवाको शैक्षिक योग्यता: | निरक्षर | ५ कक्षा वा सो भन्दा कम | एस.इ.इ भन्दा कम |
| | | एस.इ.इ उत्तीर्ण | कक्षा १२ उत्तीर्ण: | स्नातक वा माथि |
| २४. | आमाको शैक्षिक योग्यता: | निरक्षर | ५ कक्षा वा सो भन्दा कम | एस.इ.इ भन्दा कम: |
| | | एस.इ.इ उत्तीर्ण | कक्षा १२ उत्तीर्ण: | स्नातक वा माथि |
| २५. | अभिभावकको शैक्षिक योग्यता: | निरक्षर | ५ कक्षा वा सो भन्दा कम | एस.इ.इ भन्दा कम: |
| | | एस.इ.इ उत्तीर्ण | कक्षा १२ उत्तीर्ण: | स्नातक वा माथि |

### आर्थिक अवस्थासँग सम्बन्धित

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६. | गरिबीको परिचयपत्र पाएको भए: | पहेंलो: | हरियो | निलो: | रातो: | |
| २७. | परिवारको मुख्य आयस्रोत: | नोकरी: | कृषि: | भाडा: | वैदेशिक आय: | व्यापार: |
| २८. | मुख्य आयस्रोत बाहेकका अन्य: | नोकरी: | कृषि: | भाडा: | वैदेशिक आय: | व्यापार: |

### आर्थिक अवस्थासँग सम्बन्धित

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | बस्ने घर: | आफ्नै | भाडामा | | |
| ३०. | घरको बाहिरी गाह्रो: | बाहिरी भित्ता नभएको: | काँचो ईंटा: | बाँस वा स्याउला: | माटोको जोडाइ: |
| | | सिमेन्टको जोडाइ: | काठ | अन्य: | |
| ३१. | घरको जग: | काठको खम्बा: | माटोको जोडाइ: | सिमेन्टको जोडाइ | ढलान: अन्य |
| ३२. | घरको छाना: | खर/पराल/छ्वाली: | माटो: | जस्ता/टिन/च्यादर: | काठ/फल्याक |
| | | ढलान/सिमेन्ट: | टायल वा खपडा वा झिंगटी/ढुँगा | | अन्य: |
| ३३. | चर्पीको व्यवस्था: | चर्पी नभएको: | सार्वजनिक चौकी: | | साधारण घरायसी चर्पी: |
| | | ढलमा जोडिएको फ्लस भएको चर्पी: | | | सेफ्टीट्याङ्कीमा जोडिएको फ्लस भएको चर्पी: |
| ३४. | प्रकाशको व्यवस्था: | गोबर ग्यास: | मट्टीतेलको प्रयोग: | सोलार: | बिजुली: अन्य: |
| ३५. | पकाउने चुलो: | स्टोभ चुलो (मट्टीतेल): | अगेना: | ग्याँस चुलो: | माटोको चुलो: |
| | | धुँवारहित सुधारिएको चुलो: | | अन्य: | |
| ३६. | खानेपानी: | खोला/इनार/कुवा: | मूल: | घरबाहिर पाइप: | घरआँगनभित्र पाइप: |
| | | ट्युबवेल/हाते पम्प: | | ढाकिएको इनार: | अन्य: |
| ३७. | टेलिफोन: | तारफोन: | | मोबाइल मात्र: | तारफोन तथा मोबाइल: |
| ३८. | टेलिभिजन: | केबलसहितको: | | केबलबिनाको: | टेलिभिजन नै नभएको: |
| ३९. | इन्टरनेट सेवा: | डाटा इन्टरनेट: | | केबल वा वाईफाइ: | इन्टरनेट नै नभएको: |
| ४०. | वैदेशिक रोजगारबाट एक वर्षमा आम्दानी भएको वा नभएको: | | | भएको: | नभएको: |
| ४१. | स्थायी ठेगानाबाट स्वास्थ्य चौकीसम्मको दूरी: | | | आधा घण्टा वा सो भन्दा कम: | आधा घण्टाभन्दा बढी: |
| ४२. | स्थायी ठेगानाबाट अस्पतालसम्मको दूरी: | | | आधा घण्टा वा सो भन्दा कम: | आधा घण्टाभन्दा बढी: |
| ४३. | स्थायी ठेगानाबाट पक्की सडकसम्मको दूरी: | | | आधा घण्टा वा सो भन्दा कम: | आधा घण्टाभन्दा बढी: |

### स्थायी ठेगानासँग सम्बन्धित

| | | | | |
|---|---|---|---|---|
| ४४. | प्रदेश: | जिल्ला: | स्थानीय तह | वडा: |

### प्रमाणित गर्नेको विवरण

| | | |
|---|---|---|
| अभिभावकको नाम: | विद्यालयको नाम: | सम्बन्धित वडा वा स्थानीय तहमा |
| दस्तखत: | प्रधानाध्यापकको नाम: | प्रमाणित गर्नेको नाम: |
| | दस्तखत: | पद: |
| | विद्यालयको छाप: छाप: | दस्तखत: छाप: |

सम्पर्क : इमेल : inclusivedoe@gmail.com, वेबसाइट: www.cehrd.gov.np, फेसबुक: www.facebook.com/inclusivedoe

नोट: अनलाइन फाराम प्रविष्टिपश्चात यो फाराम विद्यालयले सुरक्षितसाथ राख्नुपर्नेछ।

नोट: विद्यार्थीले यो फाराम फोटोकपी गरी वा फोटो खिचेर एकप्रति सुरक्षितसाथ राख्नुपर्नेछ। प्रमाणित नगरेको फाराम भेटिएमा छात्रवृत्ति रद्द हुनेछ।